स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



टेलिभिजन रियालिटी शो 'द पोएट आइडल' सिजन २ को जजमा अभिनेत्री केकी अधिकारीको प्रवेश भएको छ । पहिलो सिजनकी जज सुरक्षा पन्तको ठाउँमा केकी अनुबन्धित भएको निर्देशक अमनप्रताप अधिकारीले जानकारी दिए । अन्य तीन जजहरु उपेन्द्र सुब्बा, अनुप बराल र विप्लव प्रतीक दोस्रो सिजनमा पनि निरन्तर हुनेछन् । केकी र निर्माताबीच औपचारिक सहमति भएको छ । यो शोको दोस्रो सिजन माघ २२ गतेदेखि हिमालय टिभीमा प्रसारण हुँदैछ ।

आजको विचार...



कुन...
(दुई पेजमा)

विनोद त्रिपाठी



यही माघ २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'हातीछाप'लाई लिएर अभिनेत्री उपासना सिंह ठकुरी उत्साहित छिन् । एकातिर 'दुई नम्बरी' जस्तो सफल फिल्मको टिम र अर्कोतिर गाउँले चरित्र रहेकाले उनी प्रचारमा पनि सक्रिय देखिएकी छिन् । काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा उनले फिल्म मनोरञ्जनात्मक रहेको र दर्शकलाई मनपर्ने विश्वास व्यक्त गरिन् । 'हातीछाप'मा सामाजिक कथावस्तुलाई ल्वाङ गाउँको अर्गानिक प्रेमकथामा बुनिएको उनको तर्क छ ।

❒ वर्ष २९ ❒ अंक १७७ ❒ २०८० माघ ११ गते बिहीबार 25 January 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# एक महिने स्वस्थानी व्रत आरम्भ

**स्वस्थानी देवीको विधिपूर्वक व्रत गरेमा विछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ । रोगव्याधी लागेको भए ठिक हुने र पति वा पत्नीका रुपमा कसैलाई इच्छाएको भएपनि प्राप्त हुने जनविश्वास रहिआएको छ ।**

**सीमा भट्टराई**

**पाल्पा,** माघ १०/प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना विधिपूर्वक गरिने स्वस्थानी व्रत एवं माघस्नान आजदेखि विधिवत् सुरु गरिँदै छ । नेपाली हिन्दू धर्मावलम्बी महिलाले एक महिनासम्म स्वस्थानी व्रत लिने र माघ स्नान गर्ने गर्छन् ।

पौष शुक्ल चतुर्दशीको दिन हात गोडाका नङ काटी स्नान गरी शुद्ध वस्त्र पहिरिएर यसको सुरुआत हुन्छ । बिहान माघ स्नान गरी नित्य मध्याह्नकालमा महादेवको पूजा गरिन्छ । बेलुकी स्कन्द पुराणको केदार खण्डअन्तर्गत माघ माहात्म्यको कुमार अगस्त्यबीच संवाद भएको स्वस्थानी व्रत कथा सुन्ने सुनाउने परम्परा छ । स्वस्थानी देवीको विधिपूर्वक व्रत गरेमा विछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ । रोगव्याधी लागेको भए ठिक हुने र पति वा पत्नीका रूपमा कसैलाई इच्छाएको भएपनि प्राप्त हुने जनविश्वास रहिआएको छ । सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ । हिन्दू धर्मालम्बीहरूले चोखो रही घर-घरमा श्री स्वस्थानी कथा वाचन गर्छन् । एक महिनाभर व्रत कथाका ३१ अध्यायहरू पाठ गरिन्छन् । यो क्रम एक महिनाभर निरन्तर रहन्छ । श्रीस्वस्थानीको व्रतमा नेपाली भूमिको वर्णन गरिएको छ । श्रीस्वस्थानीमा चर्चा गरिएको शालीनदी र श्लेशमान्तक वन नेपालमा छ । कथामा उल्लेखित हुने विषय र घटना नेपालकै सेरोफेरोमा भएको स्कन्द पुराणमा उल्लेख छ । साथै पार्वतीको पिता हिमालय पनि नेपाली हिमक्षेत्रमा रहेको बताइएको छ । एक महिनासम्म यो विधिबाट व्रत गरी माघ शुक्ल पूर्णिमाका दिन एक सय आठ जनै, एक सय आठ सुपारी, एक सय आठ पान, एक सय आठ फूल, एक सय आठ रोटी, एक सय आठ अक्षता विभिन्न थरिका फलफूल, धुप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दुर, वस्त्र, भेटी चढाइ व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ-आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मितछोरालाई एवं मितछोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बगाउने व्रत विधि छ । सय रोटी ब्रतालु आफैंले फलाहार गरी रातमा जाग्राम बसिन्छ । जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ । यसो गरेमा बर्तालुको मनोकांक्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ । आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो ।




## संक्षिप्त समाचार

### ग्याँस विस्फोट हुँदा छ जनाको मृत्यु

**(रासस/एएफपी)**

**उलानबटार, मङ्गोलिया,** माघ १०/ मंगोलियाको राजधानीमा बुधबार भएको ग्यास विस्फोटमा छ जनाको मृत्यु हुनाका साथै १४ जना घाइते भएको अधिकारीहरूले बताएका छन् । मंगोलियन राष्ट्रिय आपतकालीन व्यवस्थापन निकाय (नेमा) ले आफ्नो वेबसाइट मार्फत, ६० टन तरल प्राकृतिक ग्यास (एलएनजी) बोकेको ट्रक कारसँग ठोक्किदा विस्फोट भएको जनाएको छ । प्रारम्भिक विवरणअनुसार आगलागीमा तीन जनाको मृत्यु भएको पुष्टि भएको छ । नेमाले आफ्नो वेबसाइटमा तीन जना अग्नि नियन्त्रकको समेत मृत्यु भएको तथा १४ जनालाई उपचारका लागि पठाइएको जनाएको छ । आपतकालीन व्यवस्थापन निकायका अनुसार घाइतेमध्ये १० जनालाई जलेको अवस्थामा उपचारका लागि लगिएको थियो भने एक बालकलाई विषाक्तताको उपचारका लागि लगिएको हो । यसैगरी अन्य तीन शिशुको उपचार सहितको हेरचाह भइरहेको छ । घटना स्थलमा उद्धार टोली पठाई आगो निभाएको आपतकालीन व्यवस्थापन निकायले जनाएको छ । आपतकालीन सेवाद्वारा सार्वजनिक गरिएका तस्बिरहरूमाले आगलागी भएको स्थानमा दुईवटा गाडी जलेर सडकमा व्यापक क्षति भएको र नजिकैको स्कुलको झ्याल समेत फुटेको देखाइएको छ । नजिकैको अपार्टमेन्ट ब्लकका बासिन्दाहरूलाई अस्थायी रूपमा स्थानान्तरण गरिएको नेमाले जनाएको छ ।

# सहिद सप्ताह सुरू




**पाल्पा,** माघ १०/सहिद सप्ताह सुरु भएको छ । मुलुकमा विभिन्न राजनीतिक आन्दोलनका क्रममा उत्सर्ग गरेका सहिदको सम्झनामा बुधबारदेखि सहिद सप्ताह सुरु भएको हो ।

पहिलो दिन टेकुको पचलीमा प्रजातन्त्रका लागि आफ्नो जीवन उत्सर्ग गरेका सहिद शुक्रराज शास्त्रीको शालिकमा माल्यार्पण र पुष्पगुच्छा अर्पण गरी स्मृति सभा गरिएको छ । शास्त्रीलाई तत्कालीन जहानियाँ राणा शासकले विस १९९७ माघ १० गते पचलीस्थित रूखमा झुन्ड्याएर मृत्युदण्ड दिएको थियो । सोही दिनको स्मरणमा पहिलो दिन उनको सालिकमा पुष्पगुच्छा र माल्यार्पण गरिएको हो । यसैगरी माघ १३ गते सिफलमा धर्मभक्त माथेमा तथा माघ १५ गते दशरथ चन्द र गंगालाल श्रेष्ठलाई शोभाभगवतीमा गोली हानी मृत्युदण्ड दिइएको थियो । सात दिन सहिद सप्ताह मनाइएपछि माघ १६ गते सहिद दिवस मनाउने गरिन्छ । लामो समयदेखि सहिदको योगदानको कदर गर्दै सप्ताह कार्यक्रममा उनीहरूको सम्झना गर्नाका साथै कदरस्वरुप स्मृतिसभा गरिँदै आइएको छ ।

# सडक र पुल निर्माणका विषयमा गुल्मी काँग्रेसको ध्यानाकर्षण

गुल्मी, माघ १०/नेपाली काँग्रेस गुल्मीले सडक र पुल निर्माणका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ । काँग्रेसले गुल्मी जिल्लाको रुद्रवेणी-वामीटक्सार सडक निर्माण, सडक स्तरउन्नति र ठाउँ-ठाउँमा पुल निर्माण गर्ने कार्य समयमा नभएकाले त्यस क्षेत्रका आम जनताहरु समस्यामा परेको भन्दै सडक डिभिजन कार्यालय पाल्पालाई ध्यानाकर्षण गराएको हो ।



बुधबार पार्टी सचिव जगदीश भट्टराई, काँग्रेस क्षेत्र नं. १ का क्षेत्रीय सभापति पारिश्वर ढकालले संयुक्त रुपमा सडक डिभिजन कार्यालय पाल्पाका डिभिजन प्रमुख इं.बाबुराम सापकोटालाई सडक र पुल निर्माणका विषयमा ध्यानाकर्षण पत्र बुझाएका हुन् । उनीहरुले कार्यालयमै गएर डिभिजन प्रमुख सापकोटालाई रुद्रवेणी-वामीटक्सार सडक निर्माण, सडक स्तरउन्नति र ठाउँ-ठाउँमा पुल निर्माण गर्ने कार्य रोकिएका कारण सडक अस्तव्यस्त हुनुको साथै पुल नहुँदा स्थानीयले सास्ती खेप्नु परेकाले तत्काल काम अगाडि बढाउनका लागि विभागमा पहल गरिदिन भन्दै ध्यानाकर्षण पत्र बुझाएका छन् ।

रुद्रवेणी-वामीटक्सार हुँदै ढोरपाटनसम्मको सडक यस क्षेत्रकै सबैभन्दा धेरै सवारी र मालवाहक यातायातका साधनहरु चल्ने पुरानो सडक भएकाले प्रत्येक वर्ष बजेट परेर ठेक्का समेत हुने तर निर्माण कार्य समयमा नहुँदा जनताले सास्ति भोग्नु परेको ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ । रुद्रवेणी-वामीटक्सार सडक अन्तर्गत विभिन्न ठाउँहरुमा गएका पहिराहरु र कञ्चेहरुको समयमा मर्मत सम्भार नहुँदा कठिनाई भएकाले तत्काल काम अगाडि बढाई दिन पार्टी सचिव जगदीश भट्टराईले डिभिजन प्रमुख सापकोटालाई आग्रह गरे । उनले रुद्रवेणी-वामीटक्सार सडक अन्तर्गत बादरे पहिरो, जोहाङ्ग-खैरेनी बजारको साघुरो बाटोको बैकल्पिक व्यवस्थाका लागि आवश्यकता अनुसार पहल गरी कार्यान्वयन गर्न पनि माग गरेका छन् । यस्तै सो सडक खण्डा अन्तर्गतको नादेवा खोला, डहरे खोला, भार्से खोला, गेदी खोलामा पक्की पुल निर्माणको लागि ठेक्का भइसकेको तर काम समयमा सुरु नभएका कारण समस्या भएकाले सो तत्काल गर्नु/गराउनुहुन क्षेत्रीय सभापति ढकालले डिभिजन प्रमुखसँग आग्रह गरे । उनले सिंचाई अन्तर्गत रहेको कुलोका लागि सडक डिभिजन कार्यालयले समेत समन्वय गरिदिन आवश्यक रहेको बताए । क्षेत्रीय सभापति ढकालले स्थलगत अवलोकन गरेरै भए पनि यथाशक्य छिटो काम अगाडि बढाउन डिभिजन प्रमुख सापकोटालाई आग्रह गरे । ध्यानाकर्षण पत्र बुझ्दै डिभिजन प्रमुख सापकोटाले सडक र पुल निर्माणका विषयमा भएको ध्यानाकर्षणलाई आफुले सक्दो पहल गर्ने बताए । उनले ति योजनाहरुको स्थलगत अवलोकनपछि मात्र कामका बारे बोल्ने पत्रकारलाई प्रतिक्रिया दिए । ध्यानाकर्षण पत्र बुझाउन पार्टी सचिव भट्टराई, क्षेत्रीय सभापति ढकालसहित स्थानीय, राजनीतिक दलका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवा जनचेतना

# सम्पादकीय

## जलवायु परिवर्तनको नकारात्मक असर

जलवायु परिवर्तनको कारण नेपाल जस्ता विकासोन्मुख मुलुकले विभिन्न चुनौती झेल्नु परेको छ । जलवायु परिवर्तनको कारण सामुद्रिक तथा हिमाली जैविक विविधतामा पारेका जोखिम सहजै अनुभूति गर्न सकिने खालका देखिन्छन् । माटोको उर्वर शक्तिमा आएको क्षयीकरण, वनको गुणस्तरमा आएको ह्रास तथा भूक्षय आदिको कारण नेपालजस्ता मुलुकलाई धेरै खाले चुनौती थपिएका छन् । जलवायु परिवर्तन हुनुमा कार्बन डाइअक्साइडको बढ्दो उत्सर्जनलाई प्रमुख रुपमा लिइन्छ । जलवायु परिवर्तनका कारण हरेक क्षेत्रमा नकरात्मक असर गरेको पाइन्छ । तराईमा गर्मी मौसममा तातो हावा (लु) चल्ने र चिसोमा शितलहर र अत्याधिक चिसो हुने गर्दछ । यसबाट पनि मानिसको मृत्यु हुन्छ । यस्तो परिस्थिति प्रकृतिविरुद्धका मानवीय क्रियाकलापबाटै सिर्जना हुने हो । मानिसका कुनै क्रियाकपलापबाट जलप्रदुषण भएको छ भने कुनै क्रियाकलापबाट वायुप्रदुषण भएको छ । विश्व ब्रह्मण्डमै मौसमी परिवर्तन आइरहेको छ ।

पछिल्ला केहीदेखि तराईमा नियमित रुपमै हुँदै आएको शीतलहरको कारण यही हो भन्दा अन्यथा हुने छैन । गर्मी ठाउँमा गर्मी नहुनु र जाडो हुने ठाउँमा जाडो नहुनु भनेको प्राकृतिक नियमभन्दा भिन्न स्थिति पैदा हुनु हो । यसबाट निश्चिय प्राणी वनस्पतिलगायत अन्य प्राकृतिक कुरालाई समेत नकारात्मक प्रभाव पार्छ । यो चिन्ताको विषय हो । जाडोमा अत्यधिक जाडो र गर्मीमा अत्यधिक गर्मीले केही मानिस वर्षेनी मर्ने गरेका छन् । यसप्रति मानिसले सोच्न ढिलो भइसकेको छ । हुन त यो नेपालको मात्र चिन्ताको विषय होइन र विश्वले पनि सोचिरहेको छ । केही महिना पहिले भारतमा भएको सम्मेलनमा यसबारे प्रश्न उठेको थियो । कुनै विषयमा चिन्ता प्रकट गर्नु भनेको त्यस विषयको समाधानका लागि उपाय सोच्नु हो । त्यसकारण जलवायु प्रभावित राष्ट्रहरुले यसबारे सोच्नु उनीहरूको दायित्व हो । नेपालले तराई क्षेत्रमा हाल चलिरहेको शीतलहरबाट मानिसको ज्यान नजाओस् भनेर त्यसका लागि सर्तकता अपनाउन ढिलाई गर्नु हुँदैन ।

## Opinion @ Social Network

मन दुखाएर हैन अब मन बुझाएर जिउँनु छ ।
चाहेको सबै कुरा कहाँ पाइन्छ र जिन्दगीमा केही कुरा गुमाएर जिउँन सिक्नु छ ।
(**दिलमाया शाही**को फेसबुक स्टाटस https://www.facebook.com/***dilmaya.shahi***)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कुन विष खतरनाक : धर्मान्तरण कि धर्मतन्त्र ?



विनोद त्रिपाठी

सन् २००१ मा भारतमा 'गदर' फिल्म निर्माण भएको थियो । यो फिल्मको मुख्य कथा सन् १९४७ अगस्त १४ मा कसरी भारतबाट टुक्रिएर पाकिस्तान बन्यो, पाकिस्तान अलग बनाउन ब्रिटिसले कस्तो भूमिका खेल्यो भन्ने सम्बन्धमा छ । फिल्मको कथा केही काल्पनिक भए पनि यसको अन्तर्यमा हिन्दु-मुस्लिमको भिडन्तमा मुलुक टुक्रिएको भन्ने स्पष्ट बुझ्न सकिन्छ । भलै, यो विषयमा भारतका इतिहासकारले मुगल राज्यहरूलाई एकीकरण गरेर ब्रिटिस सरकारले भारतका हिन्दुलाई फेरि शक्तिमा पुऱ्याएको पनि व्याख्या गरेका छन् । तर, भारतबाट पाकिस्तान र पाकिस्तानबाट बंगलादेश निर्माण हुनुको मूल कारण धर्मतन्त्र थियो । यसका विविध तथ्य भारतको इतिहासमा छर्लङ्ग छ । धर्मतन्त्रले विश्वमा कैयौँ मुलुक तहसनहस मात्र बनेनन्, आन्तरिक चरम दरिद्रमा जाकिएका छन् । यसका केही उदाहरण दक्षिण एसियामै फर्केर हेर्न सकिन्छ । अफगानिस्तान कुनै बेला सामाजिक स्वतन्त्रतामा निकै अब्बल थियो । यहाँ यहुदी, मुस्लिम, इसाई र केही हिन्दुहरूको सम्मिश्रण समाज निर्माण थियो । महिलाहरूको स्वतन्त्रता सोभियत संघ हालको रुसमा झैँ बराबरी थियो । त्यो बेला नै रुसले अफगानिस्तानलाई आफ्नो हिस्सा बनाउन चाहन्थ्यो । सन् १९७८ मा पिपुल्स डेमोक्रेटिक पार्टी अफ अफगानिस्तान (पीडीपीए) स्थापना गर्न रुसले मद्दत गऱ्यो । तत्कालीन राष्ट्रपति मोम्मद दाउद खानलाई विस्थापित गरेर अफगानिस्तानमा कम्युनिस्टले सत्ता हत्यायो । यो कालखण्डमा अफगानिस्तानको सामाजिक परिवेश खुला मात्र थिएन, छात्र-छात्रालाई समान शिक्षा र अवसर पनि थियो ।

जब सन् १९९२ मा पीडीपीए दललाई सत्ताच्युत गरेर मुस्लिम संगठनहरूले शासन सञ्चालन गरे, त्यसपछि यो देश पूरै अन्धकारमा भासियो । यो भन्दाअघि अफगानिस्तानमा एकल धर्मको शासन थिएन । त्यसपछि विभिन्न खाले उस्तै प्रकृतिका मुस्लिम धार्मिक संगठनहरूले पालैपालो अफगानिस्तानमा शासन गर्दै आएका छन् । हाल यहाँ बहुसंख्यक पस्तुन छन् भने अन्य समुदाय पनि मुस्लिम धर्म बाहेकका घेराबाट बाहिर जान सक्दैनन् । बन्द समाजभित्र चलिरहेको हालको अफगानिस्तानमा महिलालाई शिक्षामा पूर्ण बन्देज छ भने बेरोजगार ८५ प्रतिशतसम्म पुगेको छ । दक्षिण एसियामा प्रभुत्व जमाएर बसेको मुलुक हो भारत । तर यो मुलुकभित्रका आफ्नै व्यथा छन् । सन् १७०७ सम्म यहाँ २१ वटा मुगल शासनका कोलोनी थिए । पछि मुगलहरूको आन्तरिक झगडाले यी राज्यको संख्या ६०० भन्दा बढी पुगेको तथ्य पाइन्छ । ब्रिटिसले शासन गर्नुअघि मुगलहरूको आधिपत्य रहेको भारतमा सन् १५२६ अघि भने विभिन्न राज्यहरूमा विविध धर्मका शासकको बाहुल्य थियो । यिनै राज्यहरूमध्ये कुनै बेलाको फैजाबाद जिल्लालाई अहिले अयोध्या जिल्ला नामकरण गरियो र यसको हेडक्वार्टर पनि अयोध्या राखियो । हिन्दु मुस्लिमको तानातान र मिश्रित शासनले भारतले एकल धर्म राज्य घोषणा कहिल्यै गरेन । यो कालखण्डसम्म ठिकठिकै थियो भारत । ब्रिटिसले ठुला विकास निर्माण गरिदियो, रेल गुडाइदियो र सन् १९४७ मा ब्रिटिस शासकहरू आफ्नै मुलुक बेलायत फर्किए । त्यसपछि भारतमा चलेको धार्मिक शीतयुद्ध र सामाजिक हिंसाले हालसम्म धेरै हद पार गरिसकेको छ । यो अवधिमा खालिस्तानदेखि कस्मिर, गोवादेखि अरुणाञ्चल, मणिपुर क्षेत्रहरू अलग्ग देशका रूपमा टुक्रिन सक्ने अवस्था पनि सिर्जना भयो । भलै अहिले पनि यी राज्यहरूमा ठुलो आन्तरिक संघर्ष जारी छ । जब सन् १९८० मा भारतीय जनता पार्टी (बीजेपी) स्थापना भयो र यो पार्टीले निरन्तर एउटै मुद्दा बोकेर राजनीति सुरु गरिरह्यो । हालसम्म यो पार्टीको विधानमा मुल मुद्दा भनेको भारतको हिन्दुकरण र दक्षिण एसियामा हिन्दुत्व आधिपत्य स्थापना गर्नु निरन्तर रूपमा राखिएको छ । यही मुद्दालाई बोकेर बीजेपीले सन् १९८४ मा देशभर हिन्दु धर्मलाई फैलाउन रथयात्रा सुरु गऱ्यो । यहीबिचमा सन् १९८४ अक्टोबर ३१ मा कंग्रेस आई नेतृ इन्दिरा गान्धीको मृत्यु भयो । एकातिर, कांग्रेसलाई आफ्नो संस्थापक नेता गुमाउनुपरेको अवस्था थियो भने यही अवधिमा बीजेपी देशभर राजनीतिक मुद्दा बोकेर कुदिरहेको थियो । यही वर्ष भएको लोकसभा चुनावमा बीजेपीले दुई सिट जित्न सफल भयो । यहीँबाट सुरु भएको भाजपाको राजनीतिक्यात्रा आजपर्यन्त जारी छ । यही शक्तिको आडमा सन् २०२४ जनवरी २२ मा स्थापित अयोध्याको राम मन्दिरमा प्राण प्रतिष्ठा भर्ने अभियान चलाएर भाजपाले धर्मतन्त्रको बिजारोपण सुरु गरिदिएको छ ।

हिन्दु धर्मका विभिन्न गन्यमान्य शंकराचार्यहरूले बहिष्कार गरेको यो प्राण प्रतिष्ठा कार्यक्रमले भारतमा एकखाले कित्ताकाटको अवस्था सिर्जना गरिदिएको छ । खासगरी यो कार्यक्रम सुरु हुनु एक दिनअघि कंग्रेस अध्यक्ष राहुल गान्धीले एक वक्तव्य जारी गर्दै भनेका थिए, 'भारतको सनातन धर्ममाथि बीजेपीले विभेदको सुरुवात गरेको छ ।' हुन त, भारतले हिन्दु धर्मलाई आफ्नो पेवा सम्झे पनि नेपाल मौलिक रूपमा पहिल्यै सनातन धर्ममा बलियो रहेको छ । नेपालमा राजा महेन्द्रले २०१९ सालको संविधानमा हिन्दु राष्ट्र नेपाल राखेपछि भारत चिढिएको थियो । त्यहीबेला जवाहरलाल नेहरुले भारतको समानान्तरण नाम हिन्दुस्तान बनाउने घोषणा लोकसभामा प्रस्तुत गरे । भारतको संविधानमा दुईखाले शब्दलाई जबरजस्त राखिएको छ- पहिलो, भारत र दोस्रो हिन्दुस्तान । यसैको आडमा गत वर्ष प्रधानमन्त्री नरेन्द्र मोदीले अखण्ड भारतको एउटा नक्सा सार्वजनिक गरेर दक्षिण एसियामा संशयको वातावरण तयार गरिदिएका थिए । उनको उद्देश्य थियो, हिन्दु धर्मको धर्मतन्त्रलाई दक्षिण एसिया हुँदै विश्वभर फैलाउनू । यो विषय स्वयं उनले गत वर्ष नै बेलायत भ्रमण गर्दा त्यहाँ रहेका भारतीयको भेलामा खुला रूपले उद्घोष गरेका थिए । नेपाल र भारतमा समान एउटा विषय सधैँ पेचिलो बन्दै आएको छ, त्यो हो धर्मान्तरण । यी दुवै देशमा धर्म परिवर्तन गराउनेलाई कारबाही गर्ने बुँदाहरू संविधानमै लिपिबद्ध गरिएको छ । अब एकछिन धर्मान्तरणको विषयमा प्रवेश गरौँ । हिन्दु धर्मलाई सनानत धर्मको रूपमा व्याख्या गरिन्छ । किनकि, यसको उत्पत्ति र सुरुवातको कुनै मिति नै छैन । अर्थात् विश्वमा सबैभन्दा पुरानो धर्मको रूपमा हिन्दु र योसँग जोडिएको सनातन आदर्शलाई मानिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्रसंघ स्थापना भएपछि विश्वभर स्वतन्त्र र सार्वभौम देशहरूको अस्तित्वका लागि युद्धहरू भए । विभिन्न देशहरू टुक्रने र जोडिने क्रम यही अवधिमा तीव्रता छायो । योबिचमा करिब ५० मुलुकहरूले मुस्लिम राष्ट्र घोषणा गरे । सयभन्दा बढी मुलुकहरू इसाई धर्मका नामबाट फैलिँदै गए । तर, पृथ्वीमा मानव जातिको सुरुवातबाटै मानिआएको सनातन हिन्दुको फैलावट दक्षिण एसियाभन्दा बाहिर जान सकेन । वर्तमान अवस्थामा पनि विश्वमा नेपाल र भारत मात्र हिन्दु राष्ट्र बनेर चिनिएका छन् । हुन त मौरिसस लगायत मुलुकमा पनि हिन्दुको संख्या बढेको छ । तर, तुलनात्मक रूपमा हिन्दुभन्दा कान्छा धर्महरूमा आएको व्यापकता र हिन्दु धर्म सीमित घेरामा मात्र रहनुका गहन अर्थहरू फेरि उधिन्नुपर्ने अवस्था सिर्जना भएका छन् ।

धर्मान्तरण नहुने हो भने अन्य धर्मका व्यक्तिहरूले कसरी हिन्दु धर्ममा फर्कने ? यो प्रश्न नेपाल र भारतका हिन्दु मठाधीशहरूतर्फ नै फर्कन्छ । कि अन्य धर्मका व्यक्तिहरू हिन्दु धर्ममा फर्कन नपाउने हुनुपऱ्यो, कि त धर्मान्तरण स्वीकार गर्नुपऱ्यो । यदि धर्मान्तरण भएन भने हिन्दु धर्म संसारभर फैलिन्छ कसरी ? सन्दर्भ चीन, रुस, अस्ट्रेलिया, स्विजरल्यान्ड लगायत मुलुक जहाँ बहुसंख्यक नन-रिलिजन जनता भएका देशहरूको होइन । प्रश्न धर्मतन्त्र चलाउने उद्देश्य बोकेको भारतका लागि हो । बीजेपीले भनेझैँ सनातन हिन्दु धर्मलाई व्यापकता बनाउने हो भने धर्मान्तरण नभई हिन्दुको फैलावट कसरी सम्भव छ ? यो आलेखमा कुनै धर्मको प्रचार वा कुनै धर्मप्रति घृणा बिलकुल होइन । स्वयं यो पङ्क्तिकार पनि खुला धर्मको मान्यता राखेर आफ्नो सनातन धर्ममा विश्वास राख्ने भएकाले यसका मूल्य-मान्यतालाई विश्वमाझ विश्वास जित्न कति खुला फदय चाहिन्छ भन्ने अर्थ मात्र हो । खासगरी, नेपाल भारतका धर्म, जातजाति र सम्प्रदायबिचको मतभिन्नता, भेदभाव, कमजोर सोचमा धेरै हदसम्म समानता छ । यसबाट पीडित शासकहरू कहिल्यै भएनन् । जनता नै कुनै न कुनै रूपमा कर्नरमा लखेटिएका पक्कै हुन् । भारतले कुनै बेला भुटानलाई हिन्दुकरण गर्न बजेट नै विनियोजन गरेको थियो । तर, सन् १९९८ मा भुटानका राजाले बुद्ध दर्शनबाट हामी हाम्रो समृद्धिको यात्रा तय गर्नेछौँ, तपाईंहरूले हामीसँग धर्मका मुद्दा नछिराउनुहोला भनेर दिल्लीमा पत्र पठाएका थिए । फलस्वरूप आजसम्म भुटान धर्मका मामिलामा कहिल्यै विवादमा परेन । उता बंगलादेश मुस्लिम मुलुक भए पनि शासन र राजनीतिमा भारतले सधैँ निर्देशन जारी गर्छ । पाकिस्तानबाट अलग गराउने भूमिकामा भारतले बंगलादेशलाई सहयोग मात्र गरेन, हिन्दु धर्मावलम्बीलाई बंगलादेशमा सहजीकरण गर्न भारत सधैँ निर्णायक बन्दै आएको छ । उता माल्दिभ्समा भारतले सन् १९९७ मा हिन्दु धर्मको मुद्दा संसद्मा लान तत्कालीन सरकारलाई एक दबाबपत्र पठायो । तर, मुस्लिम मुलुक माल्दिभ्सले त्यसलाई इन्कार गरिदियो । अहिले पुन: यही मुद्दालाई लिएर मोदी सरकार माल्दिभ्ससँग चिढिएको छ । केही दिनअघि मात्र माल्दिभ्स सरकारले सन् २०२४ मार्च १५ सम्म सम्पूर्ण भारतीय सेनाले आफ्नो जमिन छोड्न अल्टिमेटम दिइसकेको छ । यसको कारण के थियो भने मोदीले माल्दिभ्सको अधीनमा रहेको लक्ष्यद्वीप क्षेत्रलाई पकडमा राख्ने प्रयत्न गर्नु । मोदी सरकारले लिएको रणनीतिको विरोधमा यतिबेला माल्दिभ्समा 'इन्डिया आउट' अभियान सुरु गरिएको छ । उता, श्रीलंकामा भारतले आर्थिक सहयोग दिएको नाममा सुरु गरेको राजनीति हस्तक्षेप चकनाचुर बनेको छ । सन् २०१९ मा विश्वभर फैलिएको पहिलो कोभिड भाइरसले थलिएको श्रीलंकाको अर्थतन्त्रमा भारतले एक खाले सौदाबाजी खेल्दै धर्मतन्त्रको अभ्यास सुरु गरेको थियो, तर एक वर्षपछि श्रीलंका सरकारले चीनसँग पुन: हात अघि बढायो र भारतको सहयोगलाई इन्कार गरिदियो । अहिले श्रीलंकाको अर्थतन्त्र पुन: पहिलेको अवस्थामै तग्रिन थालिसकेको छ भने पर्यटन क्षेत्रले उत्साहजनक रूपमा आर्थिक उपार्जन गरिरहेको छ ।

अत: दक्षिण एसियामा भारतले अभ्यास थालेको धर्मतन्त्रले यतिबेला त्यही बिन्दुमा प्रहार गरेको छ, जहाँ भारतले नै निषेध गरेको धर्मान्तरणलाई पुन: ब्युँझाइदिएको छ । इन्डोनेसिया, मलेसिया लगायत बहुसंख्यक मुस्लिम समुदाय भएर पनि खुला परिवेश र मजबुत अर्थतन्त्र बनाउन सफल मुलुक हाम्रा सामुन्ने केही उदाहरण छन् । उता, धर्मलाई राजनीतिमा घोलेर शासन गर्ने अफगानिस्तान र पाकिस्तान पनि हाम्रासामु अर्का उदाहरण नै हुन् । यता, भारतले दबाब सिर्जना गरेको हिन्दुत्वको धर्मतन्त्रले कतै नेपालको सनातन पहिचानमाथि धावा बोल्ने त होइन र एक जब्बर धर्मको अन्धकारमा जाकिने त होइन, हालैको अयोध्यामा देखिएका दृश्यले शंका उत्पन्न गराएको छ । स्वयं भारत धर्मबाट परेसान छ भने कतै त्यही टेन्सनको वातावरण नेपाल भित्रिन त सक्दैन, फेरि एकपटक नेपालीले अतीतकै धार्मिक सहिष्णुता सोचहरूमा फर्कनुपर्छ । किनकि २०१९ सालमा हिन्दु राष्ट्र बनेको होस् वा त्यसअघिको धर्मनिरपेक्षता नेपाल भएको अवधि होस् नेपाल सधैँ धर्मका सन्दर्भमा शान्तिभूमिको रूपमा आफ्नो परिचय बोकेर चिनियो । यही परिचय कायम राख्न नेपाललाई न धर्मान्तरण आवश्यक छ न त धर्मतन्त्र ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा उमङ्ग र उत्साह छाउला। मित्रताको बन्धन कसिने बेला छ । | **तुला** : धार्मिक कार्यमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । |
| **बृष** : आज लाभहानी, आयव्यय, सुखदु:ख बराबरी मध्यम खालको दिन छ । | **बृश्चिक** :भाग्यले विभिन्न अवसरहरू जुराउनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ । |
| **मिथुन** : समाजसेवामा मन लाग्नेछ । छोटो दुरीको लाभदायक यात्रा पनि हुनेछ। | **धनु** : पारिवारिक साथ मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कर्कट** : आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । प्रेमीको साथ पाइनेछ । | **मकर** : आर्थिक पक्ष कमजोर रहनेछ । स्वास्थ्यप्रति सजग रहनुपर्छ । |
| **सिंह** : शुभ कार्यको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । | **कुम्भ** : सजिलै अरुको विश्वास जित्न सकिनेछ । विद्या र बुद्धिको विकास हुनेछ । |
| **कन्या** : स्वास्थ्यमा धन खर्च हुनेछ । घरायसी विवाद बढ्न सक्छ । | **मिन** : आज मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । |

# बाल बाटिका

नीति कथा — कमल रिजाल

# संयमको शक्ति



**जसरी कुनै दियोमा बढी तेल हुन्छ कुनैमा कम तर तेलको अक्षय भण्डार भने कुनैमा पनि हुँदैन त्यसैगरी देव, दानव, मानव लगायत सबै किसिमका प्राणीको प्राण शक्ति सीमित नै हुन्छ । मात्र फरक कसैमा कम होला कसैमा केही वेशी तर असीम भन्ने चाहिँ कसैमा पनि हुँदैन । त्यसैले प्राणशक्तिको पूरा प्रयोग उसैले गर्न सक्छ जसले संयम गर्न सकेको छ, जानेको हुन्छ । यति बुझ्नुस् संयम नै सबै किसिमका सिद्धिका आधार हो । जहाँसम्म संयमको पनि आधारको कुरा छ त्यो भने वाक्संयम नै हो । यही नै संयमको प्रथम सिँढी हो । जसले बोलीलाई संयममा राख्न जानेको हुँदैन वा सकेको हुँदैन उसको जिब्रो बोलिरहन्छ । अनि जसको जिब्रो बोलिरहन्छ तब बोल्न हुने पनि बोल्छ नहुने पनि बोल्छ । अन्ततः यही नै नाना भाँतीका समस्याका कारण बन्छ । सर्वप्रथम उसको प्राण शक्तिलाई सोसिदिने भएकाले काममा सिद्धि पाउन गाह्रो पर्छ ।**

प्रसङ्ग त्यति बेलाको हो जति बेला व्यासजी र गणेशजीबीच महाभारतको कथा भन्ने र लेख्ने क्रम चलिरहेको थियो । व्यासजी भन्थे गणेशजी भन्न भ्याएका हुन्न भुर्जपत्रमा उतारिसक्थे । जब अन्तिम श्लोक पनि भन्ने र लेख्ने काम सकियो व्यासजीको मनमा ठूलै जिज्ञासा उत्पन्न भएकाले टोलाउन लागे । उनी टोलाएको देखेर गणेशजीको मनमा पनि जिज्ञासा उत्पन्न भएकाले सोधे-

'गुरुजी ! टोलाउन लाग्नुभयो नि किन ? अब त तपाईंको चाहना अनुसार महाभारतको कथा लेख्ने काम पनि सकियो । तैपनि टोलाउँदै हुनुहुन्छ भने पक्कै कुनै कारण हुनुपर्छ । कुनै गल्ती भएको छ भने भन्नुस् है । म छउन्जेल चिन्ता गर्नुपर्दैन । अहिले नै सुधारिदिने छु ।'

गणेशजीको कुरा सुनेर व्यासजीले असहज मान्दै भने-

'होइन गणेशजी ! त्यस्तो केही होइन । जहाँ तपाई जस्ता सिद्धिदायक विघ्न हर्ता गणेशजीको उपस्थिति हुन्छ त्यहाँ गल्ती हुने प्रश्नै आउन्न । जहाँसम्म किन टोलाउनुभयो भन्ने प्रश्न छ त्यसको भने अर्कै कारण छ ।'

'कारण अर्कै छ ?'

'हो, कारण अर्कै छ ।'

'के कारण हो जान्न सक्छु ?'

'यही कि मनमा एउटा जिज्ञासा उत्पन्न भइरहेको छ ।'

'जिज्ञासा ?'

'हो, जिज्ञासा ।'

'कस्तो जिज्ञासा हो भन्नुस् न ।'

'के भन्ने खोइ, यति लामो समयदेखि बोलिरहेको छु । बिसौं लाख शब्द बोलिसकैं होला तर तपाईंले भने एउटै शब्द बोल्नुभएको छैन । कसरी नबोलेरै यति लामो समय बिताउन सक्नुभएको होला । अझ त्योभन्दा पनि आश्चर्य त के भने मैले बोल्न भ्याएको हुन्न तपाईं लेखेर भ्याउनुहुन्छ । यसको रहस्य के होला भन्ने लागिरहेको छ ।'

उनको कुरा सुनेर गणेशजीले मुस्कुराउँदै भने-

'ल ! यो कुन ठुलो कुरा भयो र ? यही त हो मेरो शक्ति ।'

'यही हो ?'

'हो, यही हो ।'

'कुरो बुझ्न गाह्रो परेकाले प्रस्ट पारिदिनुहुन आग्रह गर्छु ।'

त्यसपछि गणेशजीले मौनताको व्याख्या गर्दै भने-

'हेर्नुस् व्यासजी ! मौनतामा जति शक्ति अरू केहीमा हुँदैन । जसरी कुनै दियोमा बढी तेल हुन्छ कुनैमा कम तर तेलको अक्षय भण्डार भने कुनैमा पनि हुँदैन त्यसैगरी देव, दानव, मानव लगायत सबै किसिमका प्राणीको प्राण शक्ति सीमित नै हुन्छ । मात्र फरक कसैमा कम होला कसैमा केही वेशी तर असीम भन्ने चाहिँ कसैमा पनि हुँदैन । त्यसैले प्राणशक्तिको पूरा प्रयोग उसैले गर्न सक्छ जसले संयम गर्न सकेको छ, जानेको हुन्छ ।

यति बुझ्नुस् संयम नै सबै किसिमका सिद्धिका आधार हो । जहाँसम्म संयमको पनि आधारको कुरा छ त्यो भने वाक्संयम नै हो । यही नै संयमको प्रथम सिँढी हो । जसले बोलीलाई संयममा राख्न जानेको हुँदैन वा सकेको हुँदैन उसको जिब्रो बोलिरहन्छ । अनि जसको जिब्रो बोलिरहन्छ तब बोल्न हुने पनि बोल्छ नहुने पनि बोल्छ । अन्ततः यही नै नाना भाँतीका समस्याका कारण बन्छ । सर्वप्रथम उसको प्राण शक्तिलाई सोसिदिने भएकाले काममा सिद्धि पाउन गाह्रो पर्छ । सारमा यति नै भन्न सकिन्छ वचनको संयम भनेको सबै किसिमको अनर्थ परम्पराको दग्धबीज हो । अतः सानैदेखि यही मौनको उपासक बन्दै आएको छु । हालसम्म जे जति काम गर्न सकेको छु वा मबाट हुन सकेका छन् त्यसको मूल कारण यही मौनको उपासना नै हो ।' यति भनेर गणेशजी आफ्नो बाटो लागे । व्यासजी त्यसैको अभ्यास गर्न लागे । अन्ततः उनी यसैबाट १८ पुराणको रचना गर्न सक्षम भए । यस कथामा के कति सत्यता छ त्यो थाहा छैन तर मौनमा ठुलो शक्ति हुन्छ भन्ने कुरा भने सत्य हो । त्यसैले त गफाडीहरू गफै मात्र दुनियाँ हसाइरहेका हुन्छन् मौन रहनेहरू काम गरेर देखाइरहेका हुन्छन् ।

*-रातोपाटी डटकम*

## सामान्य ज्ञान

१. नेपाल सरकारले ज्येष्ठ नागरिक स्वास्थ्य बिमा तथा सबै नेपालीको बैंक खाता कार्यक्रम कहिलेबाट सुरु गऱ्यो ?
उत्तरः २०७६ बैशाख १ गते

२. पुरातात्विक महत्व बोकेको धार्मिक एवं ऐतिहासिक स्थल किच्चकबध क्षेत्र नेपालको कुन जिल्लामा पर्दछ ?
उत्तरः झापा (किच्चकबध क्षेत्र महाभारतकालीन घटना संग जोडिएको छ ।)

३. व्यवसायिक रुपमा पाँचौ पुस्ता (5G) सेवा सञ्चालन गर्ने पहिलो देश कुन हो ?
उत्तरः दक्षिण कोरिया

४. "लाल चोक" कुन दरबार भित्र रहेको चोक हो ?
उत्तरः पचपन्न झ्याले दरवार

५. काजकिस्तानले आफ्नो देशको राजधानीको नाम परिवर्तन गरी के नामाकरण गरेको छ ?
उत्तरः नुर सुल्तान

६. "चराई मिलन पर्व" कुन समुदायमा प्रचलित पर्व हो ?
उत्तरः पश्चिम नेपालमा बस्ने राना थारु समुदाय

७. "चिरै भजहर पर्व" कुन जातिसंग सम्वन्धित रहेको छ ?
उत्तरः थारु

८. "जितलाई जसले पनि आत्मसात गर्न सक्छ भने हारलाई बहादुरले मात्र पचाउन सक्छ" । यो भनाइ कसको हो ?
उत्तरः एडोल्फ हिटलर

९. ४०० मिटर लामो नेपालको एक मात्र मानव निर्मित सुरुङ कसको पालामा बनाइएको थियो ?
उत्तरः श्री ३ चन्द्रशमशेर

१०. सात पहाडहरुको शहर (City of Seven Hills) भनेर कुन सहरलाई चिनिन्छ ?
उत्तरः रोम (इटाली)

११. सुपारी विवाह कुन जातिमा प्रचलित छ ?
उत्तरः धिमाल

१२. नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?
उत्तरः सुवानन्द दास

१३. राउटे समुदायले केवल बाजामात्र बजाएर नाच्ने नाचलाई के भनिन्छ ?
उत्तरः बैशाली

*-साभार : प्रशासन डटकम*


## रेसुङ्गा नगरपालिकाको अनुरोध

- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधै सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- बाझो जग्गा नराखौ/राख्न नदिउँ ।

| हरिप्रसाद अर्याल | अमृतादेवी कुँवर | खिलध्वज पन्थी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# रिब्दीकोटमा राष्ट्रपति रनिङ्ग शिल्डको उपाधि आदर्श माविलाई

कृष्ण पोखरेल

**पाल्पा,** माघ १०/जिल्लाको रिब्दीकोट गाउँपालिकामा सञ्चालन भएको पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको उपाधि वडा नं.-२ को आर्दश माध्यमिक विद्यालयले हात पारेका छ । यसले १९ वटा पदकसहित उपाधि हात पारेको हो ।



विद्यालयले १० वटा स्वर्ण, ५ रजत र ४ कास्य पदक जित्न सफल भएको छ । प्रतियोगितामा वडा न.-८ को ताल्तुङ्ग माध्यमिक विद्यालय द्वितीय भएको छ । ताल्तुङ्गले ५ स्वर्ण, २ रजत र १ कास्य पदक जिस हासिल गरेको हो । प्रतियोगितामा तृतीयमा वडा नं.-१ को सारदा माध्यमिक विद्यालय ब्याहा विजयी भएको छ । विद्यालयले ४ स्वर्ण, ३ रजत र ३ कास्य पदक हासिल गरेका छ । प्रतियोगितामा प्रथम भएको आर्दश माविले लगातार ३ बर्ष पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्डको उपाधिमा विजयी हासिल गरेकाले विद्यालयले राष्ट्रिपति रनिङ्ग शिल्ड प्राप्त गरेको हो । प्रतियोगितामा प्रथमलाई १५ हजार, द्वितीयलाई १२ हजार र तृतीयलाई ९ हजार शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । खेलाडीहरूलाई गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले पुरस्कार वितरण गरेका हुन् । प्रतियोगितामा छात्रातर्फ नारायण माध्यमिक विद्यालयका छात्रा विनिता बगाले र ताल्तुङ्ग माध्यमिक विद्यालयका दिलमाया बगाले वेस्ट प्लेयर भएका छन् । भने वेस्ट लिफ्टरमा ताल्तुङ्ग माध्यमिक विद्यालयकै पुष्पा बगाले, उदयमान खेलाडीमा भवानी माध्यमिक विद्यालयका दिपिका राना, वेस्ट सटरमा ज्ञानमाला माध्यमिक विद्यालयका बिना लम्तरी भएका छन् ।

प्रतियोगितामा छात्रतर्फ उदमान खेलाडीमा सरस्वती माविका अंकित छहरी, वेस्ट डिफेन्डरमा ताल्तुङ्ग माध्यमिक विद्यालयका चन्द्र छहरी, वेस्ट लिफ्टरमा कालिका माविका दिपक लम्तरी, वेस्ट सटरमा भाष्कर माविका शोरभ राना, वेस्ट ब्लकरमा कालिका माध्यमिक विद्यालयका दिलिपजंग छहरी र वेस्ट प्लेयरमा कालिका माध्यमिक विद्यालयका सुरज परियार विजयी भए । पालिकाले वडा नं. २ मा कौवल खेल मैदान निर्माण गरी प्रदेशस्तरको खेल गराउने गरी करिब १ करोडमा खेल मैदान निर्माणको कार्य भइरहेको अध्यक्ष कार्कीले बताए । उनले वडा न. ७ मा प्रदेशको लगानीमा खेल मैदान निर्माण भइरहेको बताउँदै खेलकुदको विकासको लागि गाउँपालिका सधैँ सकारात्मक रहेको समेत बताए ।

राष्ट्रपति रनिङ्ग शिल्डका लागि पालिकाका १४ वटा माध्यमिक विद्यालयहरूको सहभागितामा २९ विद्यामा खेल खेलाइएको थियो । ३ दिनसम्म भएको प्रतियोगितामा पालिकाका ८ वटै वडाका जनप्रतिनिधी, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा सर्वसाधारणको सहभागिता रहेको थियो । प्रतियोगिता रिब्दीकोट गाउँपालिका युवा तथा खेलकुद विकास समितिका संयोजक दिपक पचभैयाको अध्यक्षतामा भएको थियो ।

# खोला किनारको पानी गाउँमा



**वालिङ (स्याङ्जा),** माघ १०/ स्याङ्जाको वालिङ नगरपालिका-१३ बोधिभञ्ज्याङका एक सय ४२ घरधुरीमा 'एक घर एक धारा' जडान गरिएको छ । गाउँभन्दा धेरै टाढाबाट यसअघि ल्याइएको खानेपानीमा समस्या आएपछि गण्डकी प्रदेश सरकारको सहयोगमा गाउँमा खानेपानी पुर्‍याइएको हो ।

बोधिभञ्ज्याङ मूल संरक्षण तथा खानेपानी आयोजना अन्तर्गत आँधीखोलाको किनारमा रहेको मुलबाट पानी तानेर गाउँमा वितरण गरिएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाका सबइञ्जिनियर बसन्तकुमार सुवेदीले बताए । आव २०७६/७७ देखि सुरु भएको उक्त योजना हालैमात्र सम्पन्न भई सञ्चालनमा आएको उनले बताए । दुई करोड १५ लाख ५६ हजार लागत अनुमान रहेको उक्त योजना गण्डकी प्रदेश सरकार र स्थानीयको जनश्रमदान गरी एक करोड ३७ लाख २५ हजारमा सम्पन्न भएको हो । वालिङ-१३ को फलुङ्गेस्थित आँधीखोलाको किनारबाट विद्युतको प्रयोग गरी पानी तानेर वितरण गरिएको उपभोक्ता समितिका सचिव ध्रुव गौडेलले बताए । "लामो दूरीबाट ल्याइएको पानीमा पटकपटक समस्या आएपछि नयाँ योजनाको खोजीमा थियौँ' उनले भने, 'आँधीखोलाको किनारमा रहेको मुल नजिकै ट्याङ्की निर्माण गर्‍यौं त्यहाँबाट गाउँभन्दा माथि रहेको खरबारीमा एक लाख लिटर क्षमताको संकलन ट्याङ्की निर्माण गरी त्यसैबाट गाउँका घरघरमा वितरण गरेका छौँ ।' फलुङ्गे, बोधिभञ्ज्याङ, पीपलछापका प्रत्येक घरघरमा पाइपमार्फत पानी पुर्‍याइएको छ । उक्त ठाउँमा रहेका विद्यालय, प्रहरीचौकी, वडा कार्यालय, समाज भवन, सार्वजनिक स्थलमा समेत धारा जडान गरिएको छ । प्रत्येक घरमा २४सैँ घण्टा पानी खोल्ने गरिएको छ । घरघरमै पानी सहजरुपमा आएसँगै खोल्साखोल्सी, कुवामा पानी लिन जानुपर्ने बाध्यताको अन्त्य भएको छ । टाढाबाट पानी बोकेर खानुपर्ने अवस्थाको अन्त्य भएपछि स्थानीय खुसी छन् । दैनिक पानी खोल्न, बन्द गर्न तथा मर्मतसम्भारका लागि एक जना कर्मचारी राखिएको सचिव गौडेलले बताए ।

खानेपानी आयोजनाले पानी तान्नका लागि मासिकरुपमा चार हजार पाँच सयदेखि छ हजार पाँच सयसम्म विद्युत महसुल बुझाउँदै आएको छ । गण्डकी प्रदेश ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले लिफ्ट खानेपानीमा प्रयोग हुँदै आएको विद्युतमा अनुदान दिने नीति ल्याएकाले विद्युत् महसुलको अनुदान प्राप्तिका लागि प्रक्रिया अगाडि बढाएको सचिव गौडेलले बताए । -रासस

## खेलकुद समाचार

# कोशीको लगातार आठौं हार



**काठमाडौं,** माघ १०/कोशी प्रदेश प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा लगातार आठौं खेलमा पराजित भएको छ । कोशी बुधबार सुदूरपश्चिम प्रदेशसँग ८ विकेटले पराजित हुँदै लगातार आठौं हार बेहोरेको हो । यो जितले सुदूर भने दोस्रो स्थानमा उक्लिएको छ ।

जितको लागि १२४ रनको मध्यम लक्ष्य पछ्याएको सुदूरले २१.१ ओभरमा २ विकेट गुमाउँदै पूरा गर्‍यो । सुदूरको जितमा नरेन भट्ट ४९ बलमा ७ चौकासहित ५४ रनमा नट आउट रहे । प्रकाश पाण्डे ४२ बलमा १ चौकासहित ३४ रनमा नट आउट रहे । राजु रिजाल २१ र खडक बोहरा ९ रन बनाए । कोशीका फिर्दोस अन्सारीले २ विकेट लिए । त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको कोशी ३२ ओभरमा १२३ रनमा अल आउट भएको थियो । कोशीका मिनाष थापाले ३७ बलमा ५ चौकासहित सर्वाधिक २६ रन बनाएका थिए । कप्तान अंकित सुवेदी २७ बलमा ३ चौकासहित २२ रन बनाए । ओपनर समिर कार्की ४ रनमै रन आउट भएका थिए । दोस्रो विकेटका लागि अंकित र मिनाषले ३६ रनको साझेदारी गर्दा ६०-१ को अवस्थामा थियो । आग्रीको बलमा मिनाष गल्लीमा खराब सट खेल्दै आउट भएपछि लगातार विकेट गुमाएको थियो । सुजन थपलिया ३ र सोनु अन्सारी ९ रनमा आउट भए । शीर्ष चार विकेट विकाशले लिएका थिए । त्यसपछि शेर मल्लले कोशीको मध्यक्रम ध्वस्त पारे । सुभन गहतराज ५ र फिर्दो अन्सारी १३ रनमा मल्लको बलमा बोल्ड आउट भए । त्यसपछि मल्लले भुपाल लुईटेल १ र अभ्यास तिमिशिना ५ रनमा मल्लको बलमै बोल्ड भएका थिए । कमल खत्री ८ बलमा ३ छक्कासहित १८ रनमा क्याच आउट भए । सुदूरका शेर मल्लले ६ ओभरमा १ मेडनसहित २८ रन खर्चेर ५ विकेट लिए । विकाश आग्रीले ७ ओभरमा १ मेडनसहित ९ रन खर्चेर ४ विकेट लिए । कोशी ८ खेलमा जित विहीन हुँदै पुछारमा छ । सुदूर ५ खेलमा ४ मा जित र १ मा हारसहित ८ अंकका साथ दोस्रो स्थानमा छ । कोशीले अन्तिम खेल मंगलबार लुम्बिनीसँग खेल्नेछ । सुदूरले भोलि बागमतीसँग मूलपानीमा खेल्नेछ । पुलिस ५ खेलमा १० अंकका साथ शीर्ष स्थानमा छ । ७ खेलमा बागमती र मधेशको ८-८ अंक भए पनि नेटरनरेटको कारण तेस्रो र चौथो स्थानमा छन् । ७ प्रदेश र तीन विभागीय टोली गरि १० टोलीबीच राउन्ड रोबिनको आधारमा प्रतिस्पर्धा हुनेछ । शीर्ष दुई टोली फाइनल खेल्नेछन् ।

## कर्पोरेट/अर्थ समाचार

# प्रभु बैंकले गर्‍यो लाभांश वितरण नगर्ने प्रस्ताव

PRABHU BANK

**पाल्पा,** माघ १०/प्रभु बैंकले आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट लगानीकर्तालाई लाभांश वितरण नगर्ने प्रस्ताव गरेको छ । बैंकको ३२१ औं सञ्चालक समितिको बैठकले लगानीकर्तालाई लाभांश वितरण नगर्ने प्रस्ताव गरेको हो ।

गत आर्थिक वर्षको वित्तीय रिपोर्ट स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक पठाउने र आगामी साधारण सभाबाट पारित गर्ने निर्णय गरेको छ । प्रभु बैंक पनि मर्जर तथा प्राप्ति र एफपीओबापतको कर बुझाउने कम्पनीहरूको सूचीमा छ ।

सरकारको चालू आर्थिक वर्षको बजेटमार्फत मर्जर तथा प्राप्ति र एफपीओ बापतको कर उठाउने निर्णयलाई अदालतले सदर गरेसँगै प्रभुले ५ करोड रुपैयाँ कर बुझाएको थियो ।

# गुल्मी जेसीजमा नयाँ नेतृत्व, अध्यक्षमा सुवेदी



**पाल्पा,** माघ १०/गुल्मी जेसीजमा नयाँ नेतृत्व आएको छ । युवा नेता पुण्यप्रसाद सुवेदीको नेतृत्वमा वर्ष २०२४ का लागि नयाँ समिति चयन भएको हो ।

समिति चयनसँगै जेसीजको दोस्रो पद हस्तान्तरण गरिएको छ । वर्ष २०२३ का अध्यक्ष विजय पन्थीले वर्ष २०२४ का अध्यक्ष सुवेदीलाई पद हस्तान्तरण गरेका हुन् । अध्यक्ष सुवेदी सहित जेसीजका पदाधिकारीहरुले पनि पदभार ग्रहण गरेका छन् । तम्घासमा एक औपचारिक कार्यक्रमका बिच २०२३ को समितिले २०२४ का नयाँ समितिलाई पद हस्तान्तरण गरेका हुन् । २०२४ का लागि अध्यक्षमा पुण्यप्रसाद सुवेदी, का.का उपाध्यक्ष सुरज पोखरेल, का.का उपाध्यक्ष संजय पन्थी, उपाध्यक्षहरुमा फर्सुराम पन्थी, दिपक पाण्डे, राजु कार्की, प्रकाश बुढाथोकी, जनसम्पर्क अधिकारीमा सागर पाण्डे, सहसचिवमा पुनराम घिमिरे, महासचिवमा शिव भण्डारी, कानुनी सल्लाहकार सरोज अर्याल, कोषाध्यक्षमा यमबहादुर केसी, तालिम आयुक्तमा साधना पौडेल, शाखा सम्पादकमा अर्जुन पोखरेल, प्रकरण निर्देशकमा अनिश पन्थी रहेका छन् । पद ग्रहण गरेसँगै नवनियुक्त अध्यक्ष सुवेदीले पाल्पा जेसीजले वर्ष २०२४ का लागि युवा लक्षित कार्यक्रममा केन्द्रित गर्ने बताए ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई